| JDF 432 | |
|---|---|
| | **वयस्कको नाम परिवर्तन मार्गदर्शन** |

## 1. आधारभूत जानकारी

- आफू बसेको काउन्टी अदालतमा मुद्दा दायर गर्नुहोस्।
- तपाईं कम्तीमा 18 वर्ष पुगेको हुनुपर्छ।
- यदि तपाईं पूर्व अपराधी हुनुहुन्छ भने माथिको साटो JDF 385 नाम परिवर्तन निर्देशनहरू प्रयोग गर्नुहोस्।
- तपाईंले दायर गर्नुअघिको 90 दिनभित्रको औंठा-छाप आधारित आपराधिक इतिहास जाँच संलग्न गर्नुपर्नेछ।
- केही काउन्टीहरूका लागि आदेश जारी गर्नु अघि सुनुवाइ आवश्यक हुन सक्छ। अदालतहरूको प्रक्रिया तथा सुनवाइ कसरी तय गर्ने भन्नेबारे अदालतसँग सम्पर्क गर्नुहोस्।
- अदालतले छुट नदिएसम्म तपाईंले आदेश जारी हुनुअघि नाम परिवर्तनको सूचना प्रकाशित गर्नु पर्नेछ।
- यस प्रक्रियालाई निर्देशन गर्ने कानुन सि.आर.एस. C.R.S. §§ 13-15-101, 102 हो।

**टिप्पणी**: विवाह वा नागरिक मिलनपछि आफ्नो अन्तिम नाम (थर) परिवर्तन गर्नका तपाईंलाई यो प्रक्रिया आवश्यक पर्दैन। सम्बन्धित एजेन्सीमा प्रमाणपत्रको प्रमाणित प्रतिलिपि दायर गरेमात्र पुग्छ।

**यस मार्गदर्शनमा थप:**


| | | |
|---|---|---|
| 2. | चरणबद्ध मार्गदर्शन | पृ. 2 |
| 3. | सामान्य शब्दहरू | पृ. 4 |
| 4. | दायर शुल्कहरू | पृ. 5 |
| 5. | फारामहरूको सूची | पृ. 5 |
| 6. | ADA जानकारी | पृ. 5 |
| 7. | कानुनी सल्लाह | पृ. 5 |

## 2. **चरणबद्ध मार्ग निर्देशन**

**सर्तहरू पृष्ठ 4 मा परिभाषित छन्।**

### चरण 1 - औँठाछाप

औँठाछाप प्रदान गर्नका लागि निम्नमा भेटघाट तय गर्नुहोस्:

www.coloradofingerprinting.com

### चरण 2 - इतिहास जाँच

निम्नबाट औठाछाप आधारित आपराधिक इतिहास जाँच आदेश गर्नुहोस्:

- ☐ कोलोराडो अनुसन्धान ब्युरो (CBI); र
- ☐ फेडेरल अनुसन्धान ब्युरो (FBI)।

सम्झिनुहोस्:

1) तपाईंले रिपोर्टको **मितिको 90 दिनभित्र मुद्दा आरम्भ** गर्नुपर्नेछ।

2) तपाईंले उक्त रिपोर्टहरूमा प्रतिबिम्बित नभएका आपराधिक प्रवृत्तिहरूका प्रमाणित प्रतिलिपिहरू प्रदान गर्नु पर्नेछ।

### चरण 3 - मुद्दा आरम्भ गर्नुहोस्

1) सुरुवाती कागजपत्रहरू पूरा गर्नुहोस्:
   - ☐ JDF 433 - याचिका।

     **संलग्न गर्नुहोस्:** इतिहास जाँच तथा कुनै पनि आपराधिक वृत्तिहरू

     **टिप्पणी:** प्रकाशन आवश्यकता छुट गर्नका लागि तलको खण्ड हेर्नुहोस्।
   - ☐ JDF 427 - सामुदायिक सूचना।
   - ☐ JDF 426 - प्रकाशनका लागि आदेश। (मुद्दाको क्याप्सन(शीर्षक) मात्र गर्नुहोस्।)
   - ☐ JDF 448 - अन्तिम आदेश। (मुद्दाको क्याप्सन(शीर्षक) मात्र गर्नुहोस्।)

2) आफू बसेको काउन्टी अदालतमा मुद्दा दायर गर्नुहोस्।

3) दायर शुल्क भुक्तानी गर्नुहोस्। विवरणका लागि शुल्क खण्ड हेर्नुहोस्।

**नोट:** **छुट प्रकाशन**

याचिकामा तपाईंले अदालतसँग सार्वजनिक सूचनाछुट गरिमाग्न सक्नुहुनेछ। यदि तपाईं:

- बाल वा घरेलु दुर्व्यवहार **पीडित** हुनुहुन्छ भने; वा
- आफ्नो **लैङ्गिक पहिचान** पुष्टि गर्न आफ्नो नाम परिवर्तन गराउँदै हुनुहुन्छ भने;

उक्त कुरा याचिकामा प्रश्न 9 अन्तर्गत उल्लेख गेरेको निश्चित गर्नुहोस्। त्यस्ता मुद्दाहरूमा, अदालतले छुट स्वीकृत गर्नु पर्नेछ। C.R.S. § 13-15-102(2), (4).

## चरण 4 - सुनवाइ *(कहिलेकाहीँ)*

धेरै जसो अदालतहरूले सुनवाइ सञ्चालन नगरे तापनि, केहीले गर्न सक्छन्। यदि त्यसो भयो भने:

1) अदालतले सुनवाइ मिति र समयका विषयमा सूचना प्रदान गर्नेछ।

2) कक्ष पत्ता लगाउन र सुरक्षा जाँच पार गर्नका लागि छिटै अदालत पुग्नुहोस्।

3) न्यायाधीशले कागजपत्रको समीक्षा गर्नेछन्, भएका प्रश्नहरू सोध्न सक्नेछन्, तथा प्रकाशनको आदेश (वा छुट) प्रदान गर्न सक्नेछन्।

## चरण 5 - प्रकाशन

अदालतले छुट नदिएसम्म, तपाईंले आफ्नो प्रस्तावित नाम परिवर्तनको सूचना प्रकाशित गर्नु पर्नेछ।

1) तपाईंले रेकर्ड समाचारपत्रमा 21 दिनभित्रमा कम्तीमा तीन पटक सूचना प्रकाशित गर्नु पर्नेछ।

2) समाचारपत्रलाई अदालतले हस्ताक्षर गरेको JDF 426 - प्रकाशन आदेशको प्रति प्रदान गर्नुहोस्।

3) पूरा भएपछि, उक्त समाचारपत्रले तपाईंलाई प्रकाशनका कागजपत्रहरू प्रदान गर्नेछ। वा, प्रमाणका लागि प्रत्येक प्रकाशनका प्रतिहरू बनाउनुहोस्।

☐ आफ्नो मुद्दामा प्रकाशनको प्रमाण दायर गर्नुहोस्।

## चरण 6 - अन्तिम आदेश

तपाईंले प्रकाशनको प्रमाण दायर गरिसकेपछि, वा यदि अदालतले प्रकाशन छुट दिएमा:

1) अदालतले तपाईंलाई हस्ताक्षरित आदेश पठाउनेछ।

2) तपाईंले शुल्क भुक्तानी गरेर प्रमाणित प्रतिलिपिहरू माग्न सक्नुहुनेछ।

3) एउटा प्रति वा प्रमाणित प्रतिलिपि व्यावसायिक वा सरकारी एजेन्सीलाई पठाउनुहोस् जसले गर्दा उनीहरूले आफ्ना रेकर्डहरूमा तपाईंको नाम परिवर्तन प्रतिबिम्बित गर्न सकून्।

   उदाहरणहरू:

   तपाईंको वाहनचालकको प्रमाणपत्र (लाइसेन्स) का लागि मोटर वाहन विभाग

   स्वामित्वमा भएको सम्पत्तिका लागि काउन्टी क्लर्क वा अभिलेखाकार।

   पासपोर्टका लागि अमेरिकी विदेश विभाग।

   क्रेडिट रिपोर्टिङ ब्युरोहरू। र अन्य।

## 3. सामान्य शब्दहरू

| | |
|---|---|
| मुद्दा क्याप्सन | फारामको शीर्षमा रहेका बाकसहरू। यसमा अदालतको ठेगाना, पक्षहरूको नाम, दायरकर्ताको सम्पर्क जानकारी, तथा मुद्दा सङ्ख्या रहेको हुन्छ। |
| याचिका: | नाम परिवर्तन प्रक्रिया आधिकारिक रूपमा आरम्भ गर्ने प्रलेख। |
| वादी: | नाम परिवर्तनका लागि याचिका दायर गर्ने व्यक्ति। |
| सामुदायिक सूचना: | नाम परिवर्तनको सूचना आदेश जारी भएको 21 दिन भित्रमा मुद्दा दायर गरिएको काउन्टीमा प्रकाशित हुने आधिकारिक समाचारपत्रमा कम्तीमा तीन पटक प्रदान गरिनेछ। |
| हुन सक्ने: | कानुनी शब्दावलीमा "हुन सक्ने" लाई "वैकल्पिक" वा "गर्न सक्ने" परिभाषित गरिएको छ। |
| हुनु पर्ने: | कानुनी शब्दावलीमा "हुनु पर्ने" लाई "आवश्यक" परिभाषित गरिएको छ। |

## 4. शुल्कहरू

| | |
|---|---|
| दायर शुल्क | $98 - काउन्टी अदालत *(सबैभन्दा आम छनोट)* |
| | $268 - डिस्ट्रिक्ट अदालत *(एउटै प्रक्रिया, बढी महङ्गो)* |
| प्रमाणित प्रति | $20 |

**शुल्क छुटका लागि आवेदन गर्नका लागि**

निम्न फारामहरू दायर गर्नुहोस्:

☐ JDF 205 - शुल्कहरू छुटका लागि प्रस्ताव।

☐ JDF 206 - आदेश। (मुद्दा विकल्प मात्र गर्नुहोस्।)

वा, यदि तपाईंले निश्चित सामुदायिक लाभहरू प्राप्त गर्नुहुन्छ भने, निम्न दायर गर्नुहोस्:

☐ JDF 209 - शुल्क छुटको सूचना।

तपाईंले औँठा छापहरू, आपराधिक इतिहास जाँच (*CBI/FBI*), र नाम-परिवर्तन सूचना प्रकाशित गर्न *(समाचार पत्र)* सम्बन्धित शुल्कहरू भुक्तानी गर्न आवश्यक छ।

## 5. सम्पूर्ण फारामहरू (साङ्ख्यिक क्रममा)

JDF 426 - प्रकाशनका लागि आदेश।

JDF 427 - सामुदायिक सूचना।

JDF 433 - याचिका।

JDF 448 - अन्तिम आदेश।

## 6. ADA जानकारी

अशक्तता भएका अमेरिकीहरू अधिनियम अन्तर्गत युक्तिसङ्गत एकोमोडेसनहरूका लागि अदालतको ADA संयोजकसँग सम्पर्क गर्नुहोस्।

## 7. कानुनी सल्लाह

यी सूचनात्मक उद्देश्यहरूका लागि मात्र आधारभूत निर्देशनहरू हुन्। तिनमा कानुनी सल्लाह रहँदैन। यदि तपाईं आफ्नो प्रतिनिधित्व आफैं गर्न चाहनुहुन्छ भने तपाईं कुनै वकिललाई लाग्ने नियमहरू तथा प्रक्रियाहरूको सीमामा हुनुहुनेछ। यदि तपाईंले यो जानकारी बुझ्नुभएको छैन भने, कृपया कुनै वकीलसँग सम्पर्क गर्नुहोस्।